म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४१ शनिवार २३ भदौ २०८० ने. सं. ११४३ गुँलागा 9 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका सहायक सिडिओ शर्माको सरुवा

हेटौंडा, २२ भदौ/जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रवक्तासमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको सरुवा भएको छ । सरकारले चार जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित गृह मन्त्रालयका १० जना अधिकारीहरुको सरुवा गर्ने क्रममा सहायक प्रजिअ शर्माको पनि सरुवा भएको हो । शुक्रबार गृह मन्त्रालयले मातहतका सिडिओसहित उपसचिव र सहायक प्रमुख जिल्ला अधिकारीहरुको सरुवा गरेको हो । शर्मा सरुवा भई इलाका प्रशासन कार्यालय चन्द्रनिगाहापुर रौतहट पुगेका छन् । मकवानपुरको सहायक प्रजिअमा इलाका प्रशासन कार्यालय चन्द्रनिगाहापुर रौतहटकै झरेन्द्रप्रसाद चापाईं आउने भएको गृह मन्त्रालयले जानकारी दिएको छ । मकवानपुरमा करिब दुई महिना अघि नयाँ प्रमुख जिल्ला अधिकारीको रुपमा सूर्यप्रसाद सेढाईं आएका थिए । जिल्लाका प्रशासन प्रमुख र उपप्रमुखहरुको सामान्यता २ वर्षमा सरुवा हुने गर्दछ ।

# बागमतीमा सहमति पालना नभए प्रदेशसभा चल्न नदिने रणनीतिमा प्रतिपक्ष

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बागमती प्रदेशसभाको बेठक आइतबार बस्दैछ । आइतबार दिउँसो साढे १ बजेको लागि बैठक आह्वान गरिएको हो ।

२० भदौमा बस्ने भनिएको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा एमाले, राप्रपा दलका नेताहरु र सरकारबीच विभिन्न विषयमा सहमति हुन नसकेपछि बैठक स्थगित भएको थियो । सरकारले बजेट बनाउने क्रममा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका मागहरु सम्बोधन गर्ने सहमति भएपनि सरकारले सहमति कार्वान्वयन नगरेपछि एमालेले फेरि सदन अवरुद्ध गर्ने तयारी गरेको हो ।

नेकपा एमालेका बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसुदन पौडेलले सरकारले प्रतिपक्षीको जवाफ दिन नसकेर सदन नै बोलाउन नसेको आरोप लगाएका छन् । उनले सहमति कार्वान्वयन नगरी झुक्याउँदा सरकारमाथी नैतिकताको कुरा उठेको आरोप लगाए । विपक्षी दलले निर्वाचन क्षेत्र अनुसार बजेट विनियोजन गर्नुपर्ने, प्रत्यक्ष र समानुपातिक सांसदलाई समेत बजेटको व्यवस्था गर्नुपर्ने लगायत माग बजेट पास गर्दा राखेका थिए ।

सरकारले बजेट पारित गर्न एमाले र राप्रपासाग क्रमश ४५ र २५ करोड रुपैयाँसम्मको योजना समावेश गर्ने सहमति गरेको एमालेका एक सांसदले बताए । बजेट पास भएको दुई महिना बित्दासमेत विपक्षीको योजना तथा कार्यक्रम बजेटमा समावेश गर्ने विषयमा सरकारले चासो नदेखाउँदा एमालेले रणनीति बनाउन थालेका छन् । 'अगाडि सहमति गर्ने अनि पछि झुक्याउन मिल्छ ? सरकारसँग नैतिकता भन्ने कुरा छैन ?,' प्रमुख सचेतक पौडेलले भने, 'विपक्षीको प्रश्नको जवाफ दिन नसकेर सरकार सदनबाट टाँढिरहेको छ ।'

बागमती प्रदेशले चौथो सरकार पाएको ८ महिना भयो । गत मंसिरमा दोस्रोपटक भएको संसदीय निर्वाचनपछि नेकपा माओवादी केन्द्र संसदीय दलका नेता शालिकराम जम्कट्टेलको नेतृत्वमा सरकार बन्यो । दोस्रोपटक प्रदेश संसद् छिरेर मुख्यमन्त्री बनेका जम्कट्टेलले सरकारको नेतृत्व गरेको ८ महिना बितिसक्दा पनि न संसद्ले बिजनेश पाउन सकेको छ, न संसदीय समितिले पूर्णता पाउन सकेको छ, न त सरकारको काम कारबाही नै प्रभावकारीरुपमा भइरहेको छ ।

प्रदेशको अघिल्लो कार्यकालमा पनि पटकपटक मन्त्री बनेका जम्कट्टेलले आफैँ सरकारको नेतृत्व गर्दा संसद् र सरकार भद्रगोल बनेको छ । प्रतिपक्ष दलमात्रै नभई सत्तापक्ष कै सांसदहरुसमेत असन्तुष्ट छन् । महिनौँसम्म बिनाविभागीय मन्त्री राखेका मुख्यमन्त्री जम्कट्टेलले हालसम्म मिनी संसद्लाई पूर्णता दिन सकेका छैनन् । पहिलो कार्यकालमा जनतामा निराश छरेको प्रदेशले दोस्रो कार्यकालमा जनअपेक्षानुसार काम गर्नुपर्ने थियो तर, गठन भएदेखि नै सरकारको ध्यान सत्ता र भागबण्डामा मात्रै अल्झिएको छ ।

**भद्रगोल संसद्**

पहिलो कार्यकालमा राम्रो छवि बनाउन नसकेको बागमती प्रदेशको संसद् दोस्रो कार्यकालमा पनि भद्रगोल छ । निर्वाचन भएको ९ महिना पुग्दासम्म संसद्ले नयाँ सरकारबाट बिजनेस पाउन सकेको छैन । सत्ता बनाउने र ढाल्ने, बजेट तथा संसदीय समितिको भागबण्डा मिलाउने विषयमा नै सत्तापक्ष र प्रतिपक्षबीच विवाद भइरहँदा संसद् भद्रगोल बन्न पुगेको हो ।



प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काका अनुसार हालै मात्र सरकारले एक संशोधन विधेयकसहित ४ विधेयक संसद्मा दर्ता गराएको छ । यसअघि सरकारले संसद्लाई बिजनेस दिन सकेको थिएन । सरकारले दर्ता गराएको विधेयक पनि संसद् बस्न नसक्दा यो अधिवेशनमा टुंगो लाग्ने सम्भावना छैन । चालू अधिवेशन अन्त्यको समय भइसक्दा विधेयक यो अधिवेशनले टुंग्याउने सम्भावना देखिँदैन ।

प्रतिपक्षी दलहरुले बागमती प्रदेशको बजेटमा भागबण्डा गर्न माग गर्दा संसद् बस्न सकेको छैन । एमाले र राप्रपाले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा आफ्ना योजना समेट्नुपर्ने माग राख्दै सरकारविरुद्ध संघर्ष गर्ने चेतावनी दिएको छ । झण्डै दुई महिनापछि गत सोमबार बस्न लागेको प्रदेशसभाको बैठक एमालेले अवरोध गर्ने चेतावनी दिएपछि स्थगित भयो । एमाले र राप्रपाले बजेट पास गर्दा भएको सहमतिअनुसार बजेटमा आफूहरुको पनि भागबण्डा हुनुपर्ने नभए सदन चल्न नदिने चेतावनी दिएका छन् ।

प्रतिपक्षीको चेतावनी पश्चात सरकार संसद् बैठक नै अवरुद्ध गर्न बाध्य भयो । प्रदेशसभाको बैठक २४ गतेका लागि बोलाइएको छ तर, प्रतिपक्षी दलको माग पूरा नभए संसद् अवरुद्ध हुने सम्भावना स्पष्ट देखिन्छ । प्रमुख प्रतिपक्षी दल एमाले र राप्रपाले सरकारले भागबण्डा दिने सहमतिमा संसदबाट बजेट पास गर्न दिएका थिए तर, हालसम्म सरकारले सहमति अनुसार आफूहरुलाई बजेटमा भाग नदिएपछि संसद् अवरुद्ध गर्ने चेतावनी दिन थालेका छन् । सत्तारुढ दल नेपाली कांग्रेसका सांसद छिरिङदोर्जे लामाका अनुसार मुख्यमन्त्री जम्कट्टेल र अर्थमन्त्री बहादुरसिंह लामाले संसद्मा नै प्रतिपक्षी दललाई बजेट विनियोजन गरिदिने वचन दिएका थिए ।

'मुख्यमन्त्री र अर्थमन्त्रीले संसदमा प्रतिपक्षीलाई बजेट दिने भनेपछि उहाँहरुले बजेट पास गर्न दिनुभएको थियो तर, हालसम्म सहमति कायम नभएपछि उहाँहरुले संसद अवरुद्ध गर्ने चेतावनी दिइरहनु भएको छ', लामाले भने । सरकारले बजेट पारित गर्न एमाले र राप्रपासँग ४५ र २५ करोड रुपैयाँसम्मको योजना समावेश गर्ने सहमति गरेको स्रोतको दावी छ ।

एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया सरकारले सहमति कार्यान्वयन नगरेसम्म संसद नचल्ने बताउँछन् । 'सरकारले असन्तुलित बजेटलाई सन्तुलित बनाउने सहमति हामीसँग गरेको थियो । त्यो कार्यान्वयन नभएपछि हामीले सदन चल्न दिँदैनौ भनेको हो । संसद हाम्रो कारण होइन सरकार कै कारण नचलेको हो', थपलियाले भने । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले सरकारले राजनीतिक चरित्र देखाउन नसक्दा सदन बन्धक भएको बताए ।

एमाले र राप्रपाले सरकारसँग गरेको सम्झौतामा आफूहरुको संलग्नता नरहेको भन्दै गोसाईंले सरकार छ कि छैन भनेर संसद्मा नै खोज्ने स्थिति आएको बताए । 'न संसद चलाउन सकेको छ, न त संसदीय समितिले नेतृत्व पाएको छ । सरकार कहाँ छ ? भनेर हामी नै अलमलमा परेका छौँ । जनताले प्रदेश सरकार छ भनेर कसरी महसुस गर्ने ?', उनले प्रश्न गरे । गोसाईं सरकारले प्रदेशको एकवर्ष कामै नगरी खेर फालेको टिप्पणी गरे ।

दलहरुबीच भागबण्डा मिल्न नसक्दा प्रदेशको संसदीय समितिहरु ८ महिनादेखि नेतृत्वविहीन अवस्थामा छ । प्रदेशसभाको पहिलो बैठक पुस १८ गते बसेदेखि सत्तारुढ दलभित्र मन्त्रालयको भागबन्डालाई लिएर लामो समय विवाद हुँदा संसदीय समिति नेतृत्वविहीन भएका हुन् । प्रदेशसभाको दोस्रो अधिवेशन अन्त्यतिर पुगिसकेको छ तर, हालसम्म संसदीय समितिको भागबण्डाको विवाद सत्ता साझेदार दलहरुबीचमा नै मिल्न सकेको छैन । प्रदेशसभामा प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण समिति छन् ।

लामो समयको विवाद पश्चात् प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुले प्रदेशसभा सचिवालयलाई संसदीय समिति गठन गर्न समितिमा बस्ने सांसदहरुको नाम दिएपछि पहिलोपटक गत मंगलबार जेष्ठ सदस्यको अध्यक्षतामा बैठक भने बसेको थियो । सत्तारुढ दलहरुबीच नै समिति सभापतिको भागबन्डाको विषयलाई लिएर विवाद हुँदै आएको छ । सत्तारुढ कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीको २/२ समितिको नेतृत्वमा दावी रहँदा सरकारलाई समर्थन गर्ने अर्को दल हाम्रो नेपाली पार्टीले एउटा समितिको सभापतिको माग गरेको छ ।

हाम्रो नेपाली पार्टीले सरकारलाई समर्थन गरे पनि मन्त्रिमण्डलमा सहभागी नभएका कारण सभापतिमा दावी गरेको हो । संसदीय समितिका सबै सभापति प्रतिपक्षको हुनुपर्ने एमालेले माग गरेको छ । मुख्यमन्त्री जम्कट्टेल सत्तारुढ दल र प्रतिपक्षी एमालेले एउटा/एउटा समितिको नेतृत्व गरेर अगाडि बढ्ने गरी आन्तरिक कसरत गरेका छन् । उनले एमालेलाई लेखा समितिको नेतृत्व दिने सार्वजनिकरुपमा बताइसकेका छन् ।

सत्ताधारी दल नेकपा एकिकृत समाजवादीका संसदीय दलको नेता कृष्णप्रसाद शर्मा खनाल आफूहरु कांग्रेस, माओवादी, समाजवादी, एमाले र हाम्रो नेपाली पार्टीलाई एक/एक समिति भाग लगाएर जान तयार रहेको बताउँछन् तर, माओवादी र कांग्रेसले दुईवटा समितिमा दावी गर्दा सहमति हुन नसकेको खनालले बताए । सरकारका भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल गैरकानूनी मागले गर्दा संसद् चल्न नसकेको बताउँछन् ।

पहिलो चौमासिकमा बजेट हेरफेर गर्न नमिल्ने भएकाले सरकारले दोस्रो चौमासिकमा मिलाउने भने पनि प्रतिपक्षी दलले गैरकानूनी माग राखेर संसद् चल्न नदिएको उनले आरोप लगाए । मन्त्री दुलालले संसदीय समितिको सदस्यहरू चयन भइसकेको भन्दै नेतृत्व पनि चाँडै चयन हुने बताए । उनले समितिको भागबण्डामा कुनै पनि समस्या नरहेको दावी गरे ।




### उपनिर्वाचनको तयारीमा आयोग:

# एकवर्षदेखि हेटौंडा-१२ मा वडाध्यक्ष रिक्त

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ निर्वाचन आयोगले रिक्त प्रदेश सांसददेखि वडाअध्यक्षसम्मको पदमा उपनिर्वाचनको तयारी गरेको छ ।


आयोगको तयारीअनुसार मकवानपुरमा पनि एउटा वडाअध्यक्षका लागि उपनिर्वाचन हुनेछ । हेटौंडा उपमहानगरपालिका-१२ को वडाअध्यक्ष पदरिक्त छ । ३० वैशाख २०७९ मा भएको स्थानीय तह निर्वाचनमा १२ नम्बर वडाको वडाध्यक्षमा दोस्रो पटक ललित घलान निर्वाचित भएका थिए । तर, नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी)लगायतका दलहरुको गठबन्धनभित्र माओवादी केन्द्रले जिल्ला समन्वय समितिको प्रमुख पद पाएपछि उनै घलान वडाध्यक्ष छोडेर जिसस मकवानपुरको प्रमुख बन्न आएका थिए ।

वडाध्यक्षमा राजीनामा दिएर जिसस प्रमुख हुन आएका घलानले निर्वाचन जितेर एकै वर्षमा वडाध्यक्ष र जिसस प्रमुख हुने अबसर पाए । हाल १२ नम्बर वडामा वडासदस्यले कार्यबाहक चलाइरहेका छन् । सोही वडामा पनि उपनिर्वाचन हुनेछ । कुनै वडामा अध्यक्ष नरहेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐनअनुसार वडासमितिका सदस्यको काममा समन्वय र सजीकरण गर्ने, वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा त्यसको अनुगमन तथा आवधिक समीक्षा गर्ने काम प्रभावित हुन्छ ।

यतिमात्रै नभएर वडाअध्यक्ष नभएकै कारण नागरिकका महत्वपूर्ण काम नाता प्रमाणित गर्ने, नागरिकता तथा नागरिकताको प्रतिलिपि लिन सिफारिस गर्ने, जन्ममिति प्रमाणित गर्ने, विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने, जीवित एवं मृतकसँगको नाता प्रमाणित गर्ने, तथा सर्जमिन सिफारिस गर्नेलगायतका काम पनि प्रभावित हुन्छ । यी काम प्रभावित हुन नदिन वडाअध्यक्षको उपनिर्वाचन गर्नुपर्ने कानूनी प्रावधान छ । निर्वाचन आयोगको तथ्यांक अनुसार बागमती प्रदेशमा मकवानपुर सहित तीन जिल्लाका तीन, कोशीका दुई जिल्लाका दुई, मधेशको एक जिल्लाका दुई, गण्डकीको एउटा जिल्लाको एक, लुम्बिनीका तीन जिल्लाका तीन, कर्णालीका दुई जिल्लाका दुई र सुदूरपश्चिम प्रदेशका तीन जिल्लाका तीन वडाअध्यक्षको पद रिक्त छ ।

निर्वाचन आयोगका प्रवक्ता सहसचिव शालिग्राम पौडेलका अनुसार देशभरमा अधिकांश पद निर्वाचित व्यक्तिको निधन भएकाले रिक्त भएको हो । बामगतीमा दोलखाको गौरीशंकर गाउँपालिकाका उपाध्यक्ष श्यामसुन्दर तामाङको हृदयाघातका कारण निधन भएको थियो । उनको गत असार ३१ गते उपचारका क्रममा काठमाडौंस्थित सहिद गंगालाल हृदयरोग केन्द्रमा निधन भएको थियो । जहाँ उपाध्यक्षका लागि निर्वाचन हुने जनाइएको छ । उपप्रमुख नहुँदा न्यायिक समितिको संयोजक भएर काम गर्ने, गैरसरकारी संघसंस्थाका क्रियाकलापको समन्वय गर्ने, उपभोक्ता हित संरक्षणसम्बन्धी कामको समन्वय गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन बैठकमा पेश गर्ने काम प्रभावित भएको छ ।

प्रवक्ता पौडेलका अनुसार आयोगले स्थानीय तहदेखि प्रदेश सभासम्म रिक्त भएको पदको जानकारी सरकारलाई गराइसकेको छ । यस विषयमा निर्वाचन आयोगका पदाधिकारी तथा प्रधानमन्त्री एवं उपप्रधानमन्त्रीसँग समेत छलफल भएको उनले बताए । सरकारले उपनिर्वाचनको मिति घोषणा गरेपछि उपनिर्वाचन गराउन आयोग तयारी अवस्थामा रहेको पौडेलले बताए ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अन्तरिक्षमा बढ्दैछ फोहोरको थुप्रो, कसरी हुन्छ व्यवस्थापन ?

पृथ्वीमा त फोहोर भरिएकै छ, तर मानिसले गरेको फोहोरबाट अन्तरिक्षसमेत अछुतो रहन सकेन । अन्तरिक्षमा समेत निरन्तर रुपमा फोहोरको मात्रा बढिरहेको छ । अहिलेसम्म करिब साढे ६ हजार रकेट अन्तरिक्षमा प्रक्षेपण भएका छन् । जसको फलस्वरुप पृथ्वीको कक्षमा रकेट तथा स्याटेलाइटलगायतका मानवीय फोहोरको रास बढिरहेको छ ।



युरोपियन दक्षिणी अब्जर्भेटरीका अनुसार सन् २०३० सम्ममा स्याटेलाइट परियोजनाहरुको संख्यामा तीव्ररुपमा वृद्धि भई ७५ हजारभन्दा धेरै हुनेछन् । यस्ता प्रत्येक प्रक्षेपणसँगै अन्तरिक्षको फोहोर बढ्नेछ ।

**कति फोहोर छ अन्तरिक्षमा ?**

कम्बाइन्ड फोर्स स्पेस कम्पोनेन्ट कमान्डले अन्तरिक्षमा मानिसले के गरिरहेको छ भन्ने कुराको निगरानी गर्ने गर्दछ । उसले एउटा यस्तो सूची बनाएको, जसमा फरक-फरक खालका अन्तरिक्ष फोहोरहरु सामेल छन् । वैज्ञानिकहरुले एउटा यस्तो तरिका तयार पारेका छन् जसमा तीन किलोमिटर प्रति सेकेण्डको गतिमा घुमिरहेको १० सेन्टिमिटर आकारको वस्तु समेत ट्र्याक गर्न सकिन्छ ।

यसका अलावा पनि धेरै यस्ता फोहोरका टुक्राहरू अन्तरिक्षमा छन् जसका बारेमा मोटो अनुमान मात्रै गर्न सकिन्छ । लिडार (राडार तथा अप्टिकल डिटेक्टरबाट बनेको वस्तु) नामक उपकरणबाट लगातार यस्ता वस्तुहरु ट्र्याक गर्ने गरिएको छ, जसले ती वस्तुहरु कहाँ र कुन गतिले गईरहेका छन् भन्ने पत्ता लाग्दछ ।

**कुन-कुन आकारका कति वस्तु छन् ?**

हाल अन्तरिक्षमा पृथ्वीको कक्षमा घुमिरहेका १० सेन्टिमिटर वा त्यसभन्दा ठूलो आकारका वस्तुहरुको संख्या १० लाखभन्दा धेरै छ । त्यस्तै एक देखि ९ सेन्टिमिटरसम्मका १३ करोड भन्दा धेरै टुक्रा रहेका छन् । यी वस्तुहरु रकेटका टुक्रादेखि पेन्ट र मलमुत्र समेत हुन सक्छन् ।

भलै यिनको आकार सानो हुन्छ, तर यिनीहरु बन्दुकको गोलीभन्दा पनि तीव्र गतिमा घुमिरहेका छन् । यसबाट कक्षमा ठूलो खतरा पनि उत्पन्न हुनसक्छ ।

**कहाँबाट आउँछन् यति धेरै फोहोर ?**

स्पेस मिसनको सुरुवात देखि लिएर अहिलेसम्म सबै देशहरुले धेरै खालका सफलता तथा असफलता भोगिसकेका छन् । यी दुवै सन्दर्भमा एउटा कुरा भने उहीँ हुन्छ, त्यो भनेको अन्तरिक्षमा फोहोरको मात्रा बढ्दछ । कैयन् पटक स्याटेलाइट बिग्रेका छन् त कहिले दुर्घटनाको सिकार भएका छन् । त्यस्तै कहिले यानहरुले अचानक काम गर्न छाड्छन् र पत्रु बन्दछन् । केही स्याटेलाइटहरु रकेट बुस्टर युक्त हुन्छन् जो पछि अन्तरिक्षमै छाडिन्छ ।

त्यस्तै एन्टी स्याटेलाइट हतियारले पनि फोहोर फैलाइरहेको छ । एस्याट भनिने त्यस्ता हतियार पृथ्वीको तल्लो कक्षमा रहेका भूउपग्रहलाई नष्ट गर्नका लागि प्रक्षेपण गरिने मिसाइल हुन् । अहिलेसम्म अमेरिका, रुस, भारत तथा चीनले एस्याट प्रक्षेपण गरिसकेका छन् । यस्ता मिसाइलले स्याटेलाइटलाई नष्ट गर्छन् र त्यसक्रममा अन्तरिक्षमा ठूलो परिमाणमा फोहोर सिर्जना हुन्छ ।

**कति खतरनाक छ अन्तरिक्षको फोहोर ?**

पृथ्वीको फोहोरभन्दा कैयन् गुणा धेरै खतरनाक अन्तरिक्षको फोहोर हुनसक्छ । पृथ्वीको कक्षमा हरेक चिजहरु निकै तीव्र गतिमा घुमिरहेका हुन्छन् । १ सेन्टिमिटर आकारको सानो टुक्रा पनि करीब एक हजार किलोमिटर प्रतिघण्टाको गतिमा घुम्दछ । यस्तोमा यदि कुनै पनि स्याटेलाइटसँग त्यो टुक्रा ठोक्कियो भने त्यसबाट गम्भीर क्षति हुनसक्छ । यस्तो घटना भैसकेको पनि छ । सन् २०२१ मा चिनियाँ मौसमी स्याटेलाइटको टुक्रा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनसँग ठोक्किएको थियो । यसबाट स्टेशनमा एउटा प्वाल नै परेको थियो । त्यस्तो क्षति निकै ठूलो पनि हुनसक्थ्यो ।

**समय यस्तो पनि आउनेछ**

अन्तरिक्ष फोहोरको खतराका बारेमा बताउँदै वैज्ञानिकहरुले केसरल सिन्ड्रोमसम्मको चर्चा गर्न थालेका छन् । नासाका वैज्ञानिक डोनाल्ड केसलरले सन् १९७० को दशकमा भनेका थिए कि अन्तरिक्ष फोहोर लगातार घुम्ने क्रममा अर्को कुनै वस्तुसँग ठक्कर खान्छ र जुन वस्तुसँग त्यो ठोक्किन्छ त्यसलाई समेत फोहोर बनाउँछ । अनि त्यसरी एकपछि अर्को गर्दै लगातार भैरहने टकरावले अन्तरिक्षमा फोहोरको मात्रा निरन्तर बढिरहन्छ । भविष्यमा यस्तो घटनाक्रमबाट एउटा यस्तो समय पनि आउन सक्दछ जहाँ पूरै अन्तरिक्ष फोहोरले भरिएर कुनै ठाउँ नै बाँकी नरहन सक्दछ ।

**साझा अन्तरिक्ष, बढ्दो समस्या**

बाह्य अन्तरिक्ष सन्धि सन् १९६७ अनुसार चन्द्रमा वा अन्तरिक्षको कुनै पनि हिस्सामा कुनै व्यक्ति वा देशमात्रको अधिकार हुँदैन । यसको फलस्वरुप अन्तरिक्षमा पुग्न र त्यहाँ फोहोर फैलाउनका लागि सबै देशहरु प्रयासरत छन् । तर अन्तरिक्षको सफाइँको जिम्मेवारी कसैले पनि लिन चाहँदैन ।

यस्तो परिस्थितिलाई मध्यनजर गर्दै संयुक्त राष्ट्रसंघले अन्तरिक्ष मिसन पठाउने सबै मुलुक तथा कम्पनीहरुलाई आफ्नो मिसन समाप्त भएको २५ वर्षभित्र आफूले सिर्जना गरेको अन्तरिक्षको फोहोर सफा गर्न भनेको छ । विभिन्न देशहरुले आफ्ना नष्ट भैसकेका वा काम गर्न छाडिसकेका स्याटेलाइटहरुलाई अन्तरिक्षमै नष्ट गर्नुको साटो पृथ्वीमा ल्याउन थालेका छन् ।

**पृथ्वीमा कहाँ जम्मा हुँदैछ अन्तरिक्षको फोहोर ?**

बिग्रिएका स्याटेलाइटलाई पृथ्वीमा फिर्ता ल्याएर निमो विन्दुमा जम्मा गर्ने गरिएको छ । प्रशान्त महासागरस्थित दक्षिण अमेरिका, अष्ट्रेलिया तथा न्युजिल्याण्डको बीचमा भर्ने उक्त क्षेत्रलाई महासागरीय केन्द्र पनि भनिन्छ । त्यहाँबाट कुनै जमिन वा मानव वस्तीसम्म पुग्न सहज छैन । अंग्रेजीमा यसलाई पहुँचहीनताको सामुद्रिक ध्रुव अर्थात् पुग्न नसकिने समुद्रको बीच भाग भनिन्छ ।

त्यहाँबाट चारैतर्फ कम्तिमा पनि हजार माइलको दूरीसम्म समुद्र नै फैलिएको छ । अहिलेसम्म त्यहाँ १०० भन्दा धेरै स्याटेलाइटको कवाडी जम्मा भैसकेको छ र सन् २०३१ मा इन्टरनेसनल स्पेस स्टेसनले काम गर्न छाडेसँगै त्यसलाई समेत निमोमा ल्याएर व्यवस्थापन गरिनेछ ।


**किन प्रभावकारी भएन सन्धि ?**

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले आर्टेमिस सम्झौता पनि तयार गरेको छ जसमा अन्तरिक्षलाई सफासुग्घर तथा शान्त बनाउने कुरा गरिएको छ । विभिन्न २८ वटा देशले उक्त सम्झौतामा हस्ताक्षर पनि गरेका छन् । तर रुस र चीन उक्त सम्झौताको हिस्सा बनेका छैनन् । र, सबैभन्दा ठूलो समस्या भनेको निजी कम्पनीहरु यसमा सामेल नहुनु पनि हो । यस्तो परिस्थितिमा अन्तरिक्षमा फोहोरलाई कम गर्नु कठिन देखिन्छ ।

**यौन चर्चा**

# महिनावारीबाट थाहा हुन्छ बाँझोपन

बाझोपन यो शब्दले सम्भवत सबैभन्दा बढी महिलालाई झस्काउने गर्छ । किनभने हरेक महिला प्रसव-पीडाको अनुभव लिन चाहन्छन् । सन्तान-सुखको अपेक्षा राख्छन् । आफ्नै कोखबाट जन्मिएको बच्चालाई काखमा खेलाउने आकंक्षा राख्छन् । यस्तो अवस्थामा जब आफू सन्तान जन्माउन असक्षम छु भन्ने बोध हुन्छ, त्यो कुरा कुनैपनि महिलाले सहजै पचाउन सक्दैन । तर, पचाउनैपर्ने बाध्यता आइलाग्छ कहिलेकाहीँ । किनभने कति महिलामा बाँझोपनको समस्या हुन्छ । किन बाँझोपन हुन्छ ? यसमा एउटामात्र जवाफले पुग्दैन । कारण अनेक हुनसक्छ । यद्यपि आफूमा बाँझोपन भए, नभएको संकेत भने उनीहरुले मासिक स्राबकै क्रममा थाहा पाउन सक्छन् । यसका लागि महिलाहरुले महिनावारीका क्रममा हुने मासिक चक्रबारे ध्यान दिन जरुरी छ ।



कुनै महिलाको महिनावारी हुने समयको अन्तराल २५ देखि ३० दिनभन्दा धेरै छ भने त्यसले उक्त महिलामा ओभ्यूलेसन नियमित नभएको जनाउ दिन्छ । एक अध्ययनका अनुसार मासिक धर्मचक्र २५ दिनभन्दा कम रहने महिलामा २७ देखि २९ दिनसम्म उक्त चक्र रहनेको तुलनामा गर्भ बस्ने सम्भावना कम हुने गर्छ । त्यसबाहेक, तीस वर्षको उमेरका आसपासका महिलामा महिनावारी नियमित नभएमा त्यो प्रि-मेनोपौजको संकेत हुनसक्छ ।

करिब १२ प्रतिशत बाँझोपनामा तौल मुख्य कारण हुनेगर्छ । विशेषगरी, शरीरको तौल बढी भएमा शरीरको फ्याटले एस्ट्रोजेन नामक हर्मोनको उत्पादन गर्छ, जसले ओभ्यूलेशनलाई असर पुऱ्याउँछ । एक अध्ययनले जनाएअनुसार सातामा चार घण्टा दौडने वा एरोविक्स गर्ने महिलाको तुलनामा एक्सरसाइज नगर्ने महिलामा गर्भधारण गर्ने सम्भावना ४७ प्रतिशतले कम हुने गर्छ । तर, त्यो भन्दैमा धेरै वर्कआउट गर्नैपर्छ भन्न खोजेको हैन । धेरै वर्कआउट गर्नाले शरीरमा ऊर्जाको कमी हुनसक्छ र धेरै तनाव भएर प्रजनन क्षमतालाई प्रभावित पार्न सक्छ ।

गर्भनिरोधक चक्कीको प्रयोगले बाँझोपनाको समस्या निम्तने मानिसको आम धारणा छ । जबकि गर्भनिरोधक चक्कीको सेवनले गर्भधारणा गर्नमा कुनै समस्या हुँदैन । बरु यसको लगातारको प्रयोगले गर्भधारण गर्नमा सहयोग पुग्ने गर्छ । एक शोधले जनाएअनुसार चारवर्ष भन्दा कम समय गर्भनिरोधक चक्की सेवन गर्ने महिलामा दुई वर्षभन्दा कम समय यो चक्की सेवन गर्ने महिलाको तुलनामा गर्भवती हुने सम्भावना धेरै रहेको थियो ।

उक्त शोधले जनाएअनुसार यस्ता चक्कीले ओभ्यूलेशन रोक्दछ भने केहीले अण्डालाई जीवित राख्नमा पनि मद्दत गर्दछ । चाडै रजनोवृत्ति हुने आमाहरुमा उनीहरुबाट जन्मने सन्तानमा पनि छिटो रजनोवृत्ति हुने सम्भावना धेरै हुन्छ । त्यस्तै, परिवारमा कसैलाई बाँझोपनको समस्या छ भने परिवारका अन्य सदस्यलाई पनि बाँझोपनको समस्या हुने सम्भावना उच्च हुन्छ । त्यसबाहेक फाइब्राइड, एन्डोमेट्रियोसिसजस्ता समस्या पनि वंशाणुगत कारणले हुने भएकोले यस्ता कुरामा ध्यान दिएर पनि महिलाहरुले आफूमा बाँझोपनको समस्या छ कि छैन थाहा पाउन सक्छन् ।

# साहित्य

## हजारौंको एक



**सुबिस्मा दाहाल**

*कक्षा : ९, नवोदय शिशु सदन*


के तिमी एक छौ हजारौंको बिच
त्यही एक जसको मन डुल्दैन
डुल्दै गएको समय जस्तो त भयौ तिमी
अब स्वतन्त्र पंक्षीझैं कहिले उड्छौ तिमी ?

मेटिदिनु छ मलाई
केही गर्न सक्दिनँ कि भन्ने
अनगिन्ती सोचाई
मेटीदिनु छ मलाई
जीवनबाट हार खाएको
अनगिन्ति भोगाई

जीवनबाट हारेर म भाग्न खोज्दै गर्दा
उम्रिउन् ती लाखौं सद्भावका फूलहरु
घेरिउन त्यहीं पुष्पका अनुपम बास्ना
प्रश्न पक्कै पनि आउने छ
फर्किऊँ कि बढौं अघि ?

सिरसिरे हावाले उडाएको पात झैं
नहोस् मेरो सपनाहरु
आगोको त्यो रापले नपोलोस्
मेरा ती बाध्यताहरुलाई
उम्रिँदै गएको मेरा कल्पनाहरुले
नपोलोस् मेरो अतृप्त मनलाई

## जीवन



**सुशेम डि.सी**

*कक्षा : ९, नवोदय शिशु सदन*

जीवन भएर आज
म बाचिरहेछु
जीवनमा चाहिने राम्रो
परिवार पनि पाएको छु

पृथ्वीको सौन्दर्यताको
बारेमा सोची राख्छु
जीवनको मतलव कहिले
काहिँ खोजी राख्छु

आमा र बुबाले मलाई
यो जीवन दिनुभयो
अब मैले जीवनमा केही
ठुलो काम गर्नु छ

जीवनको मतलव अरुलाई
हसाउनु र खुसी हुनु हो
ठूलोलाई सम्मान गरी
सानोलाई माया पनि गर्नु हो ।

## मेहेनत



**निधि भट्ट**

*कक्षा : ५, नवोदय शिशु सदन*

मिहिनेत गर तिम्रो अब लक्ष्य छैन टाढा
फूलको बाटोमा फूल मात्रै हैन हुन्छन धेरै काँडा ।

परिश्रमी ती हातहरु नहुन् कहिल्यै पछि
सबैलाई साथ दिई तिमी बढ्नुपर्छ अघि ।

आफ्नो मानछेले गाली गर्दा तिमी रुनुहुन्न
जीवनलाई वर्वाद पार्ने चिज छुनुहुन्न ।

तिम्रो जीवन सफल भए हामी हुन्छौं खुसी
पढ्न, लेख्न छोडेर हामीलाई नबनाउनु दु:खी

## तिमी



**अश्विन पण्डित**

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

तिमी त्यस्तो हुनु
जसलाई म आफ्नो
भन्न सकूँ
आफूझुकेरपनि
तिमीलाई सधैं
शिरमा सजाउनेछु
मात्र तिमी मेरो भइ बसिदिनु

तिमीलाई आफ्नोभन्दा म
आफूलाई पाउनसकूँ
तिमीलाई हेर्दा
हामी दुबैलाई देख्न सकूँ
थाहा छ?
तिमीलाई सम्झिँदा
मुस्कुराउने गर्छु
आशा छ तिमीलाई
मेरो भनीसंसारलाई
चिनाउन सकूँ

तिमी हाँस्दै गरेको देख्दा
म खुसी हुन सकूँ
देखेका तीसपनाहरू
तिमीसँगै पूरा गर्न सकूँ
चाहेको त केही छैन तिमीसँग
केवल सफलतामा
तिमीलाई पछ्याउन सकूँ

तिमी रित्तिँदै गर्दा मायाले
तिमीलाई भर्न सकूँ
म आफू झुकेर पनि
तिमीलाई सधैं शिरमा सजाउनेछु
मात्र तिमी मेरो भइ बसिदिनु

## गजल

**युवराज घलेभाइ**

केही हराएको छ तिम्रो पनि मेरो पनि
आँखा रसाएको छ तिम्रो पनि मेरो पनि ।

यी घाउहरु दुख्नकै लागि बनेका हुन्छन्
दु:ख पलाएको छ तिम्रो पनि मेरो पनि ।।

औषधी खोजेरै आयु सकिन्छ जीवनको
मुटु खाएको छ तिम्रो पनि मेरो पनि ।।।

आफ्नै रहरहरुले घोचेर पीडा दियो
आँखा बिजाएको छ तिम्रो पनि मेरो पनि ।।।।

## दिदीप्रति आभार



**माया राई**

*कक्षा : ९, नवोदय शिशु सदन*

दिदी तिमी आमा सम्मानकी हौ
तिमीलाई कसरी आदार नगरी बसूँ

परिवारसँग टाढा बस्दा
तिमी साहारा बनी दियौ
तिमीले मेरो चाहना पूरा गर्नका निम्ति
आफ्नो हरेक चाहना माऱ्यौ

अरुको माया स्वार्थ थियो भने
तिम्रो माया नै निस्वार्थ थियो
जन्दिगीको हरेक पालमा
दोस्रो आमा बनिरह्यौ

चिन्ता नलिऊ दिदी
तिम्रो हरेक चाहना पूरा गर्नेछु
धेरै पैसा कमाएर
तिमीलाई सुखमा राख्नेछु

## मित्रता



**अर्पित श्रेष्ठ**

*कक्षा : ९, नवोदय शिशु सदन*

गाह्रो पर्दा सधैं तिमी आउँछौ मित्र
तिम्रो चित्र छ मेरो मन भित्र
एक्लो थिए कोइ थिइन मसँग
मेरो साथी छ भन्ने लाग्छ मलाई मसँग

साथी ए साथी मेरो प्यारो साथी
सधैं तिमी खान्छौं खाजा बाडी र चुडी
बजाउँछु गीतार गाऊ तिमी गीत
यसै गरी हामी सँगै हुन्छौं चर्चित

म गर्छु पास, गर तिमी गोल
यसैगरी हाम्रो मित्रता हुनेछ अनमोल
यस आकाश धर्तीले पनि
छुटाउने छैन हाम्रो मित्रतालाई
हाम्रो मित्रता हुनेछ सधैं





**दिपाशना थापा**

*कक्षा-१०, जी.एस. निकेतन, हेटौंडा मकवानपुर*

# पर्खाल बनाउने सरकारी बजेटबाट उपभोक्ता समितिका अध्यक्षले गरे ३३ लाख रकम हिनामिना

काठमाडौं/काठमाडौं महानगरपालिका-३२ स्थित कोटेश्वरमा रहेको एक उपभोक्ता समितिका अध्यक्षले ३३ लाख रुपैयाँ सरकारी रकम हिनामिना गरेको खुलेको छ । शुभकामना मार्ग टोल सुधार समितिको नाममा उपत्यका विकास प्राधिकरणले दिएको रकम समितिका अध्यक्ष भगवान गिरीले व्यक्तिगत रुपमा खर्च गरेर दुरुपयोग गरेको फेला परेको हो ।


भगवान गिरी



काठमाडौं-३२ स्थित शुभकामना मार्गमा रेटेनिङ वाल (पर्खाल) लगाउनुपर्ने भएपछि सो काम गर्ने जिम्मा प्राधिकरणले शुभकामना टोल सुधार समितिमार्फत बनाउने निर्णय गरेको थियो । सो कामको लागत ४८ लाख १० हजार ७ सय ९१ रुपैयाँ अनुमान गरिएको थियो ।

सोही अनुसार २७ भदौ २०७३ मा समितिसँग निर्माण सम्झौता भएको थियो । र, त्यो काम सोही वर्षको १० मंसिरमा काम सम्पन्न गर्नुपर्ने थियो ।

कुल लागतमध्ये उपत्यका विकास प्राधिकरणले ३६ लाख ९८ हजार नगद र २ लाख १२ हजार रुपैयाँ बराबरको प्राविधिक सहायता उपलब्ध गराउने सहमति भएको थियो । स्थानीयको जनसहभागिताबाट ९ लाख रुपैयाँ खर्च बेहोर्ने तय भएको थियो । प्राधिकरणले बेहोर्ने रकममध्ये ३३ लाख ४५१ रुपैयाँ २८ असोज ०७३ मा उपभोक्ता समितिको कृषि विकास बैंकको खातामा जम्मा गरिएको थियो । सो रकम जम्मा भएपछि टोल सुधार समितिनका अध्यक्ष भगवान गिरीले त्यो सम्पूर्ण रकम पेस्कीका रुपमा आफ्नो खातामा सारेका थिए । तर, एकदमै थोरै क्षेत्रमा मात्रै रिटेनिङ वाल बनाएर बाँकी रकम फर्जी बिल बनाएर दुरुपयोग गरेका थिए ।

उक्त सम्पूर्ण रकम समितिको खाता मार्फत सबै रकम अध्यक्ष भगवान गिरीका खातामा ट्रान्सफर भएको देखिएको छ । गिरीले नक्कली बिल खडा गरी श्रमिकको ज्यालामा १८ लाख २७ हजार रुपैयाँ खर्च भएको विवरण पेश गरेका छन् । त्यस्तै रामेछाप हार्डवेयर सेन्टरमा ५ लाख ७४ हजार १४० रुपैयाँ र बालकुमारी रोडा बिक्री डिपो १३ लाख १८ हजार ७ सय रुपैयाँ भुक्तानी भएको बिल पनि पेश गरेका छन् ।

**रकम अपचलन गरेको स्वीकारे तर तिरेनन्**

अध्यक्ष भगवान गिरीले सरकारी रकम अपचलन गरेको आफैंले स्वीकार गरेका थिए । टोल सुधार समितिको रकम व्यक्तिगत प्रयोजनका लागि दुरुपयोग गरेको भनेपछि ३२ नम्बर वडा कार्यालयले १० चैत २०७८ मा समितिका पदाधिकारी र गिरीबिच छलफल गराएको थियो ।

वडाध्यक्ष नवराज पराजुली, वडा सदस्य हिरादेवी पोखरेलसहित बसेर उपत्यका विकास प्राधिकरणबाट प्राप्त रकम दुई किस्ता गरेर वडा कार्यालयमा बुझाउने निर्णय भएको थियो । निर्णयमा भनिएको छ, '३३ लाख ४५१ मध्ये पहिलो किस्ता वापत ११ लाख रुपैयाँ २० जेठ २०७९ भित्र र दोस्रो किस्ता वापतको रकम २२ लाख ४५१ रुपैयाँ १५ असारभित्र वडा कार्यालयमा बुझाउने ।' उक्त निर्णयम गिरीले पनि हस्ताक्षर भने गरेका छन् ।

उनले दुई किस्तामा बुझाउने भनेको रकम अहिलेसम्म पनि बुझाएका छैनन् । काठमाडौं-३२ का वडाध्यक्ष नवराज पराजुलीले वडा कार्यालयले समन्वय गरी गिरीसँग रकम फिर्ता गराउने सहमति गराएको जानकारी दिए । 'अध्यक्ष र समितिबीच विवाद भएपछि वडा कार्यालयमा हामीले सहमति गराएका थियौं, अध्यक्ष गिरिले सो रकम तिर्छु भन्नुभएको थियो । तर, अहिलेसम्म नतिरेको भन्ने सुनेको छु । रकम तिराउने जिम्मेवारी वडाको होइन, हामीले समन्वय गरेका मात्रै हौं,' पराजुलीले भने ।

यस्तो समितिको वैधानिकतामा नै प्रश्न उठ्ने ठाउँ देखिएको छ । २०७२ सालदेखि स्थापना भएको टोल सुधार समितिले स्थापना कालदेखि अहिलेसम्म नियमित बैठक र वार्षिक साधारण सभा गरेको देखिँदैन । विधान अनुसार अध्यक्षको कार्यकाल दुई वर्ष मात्रै हुनेछ तर अध्यक्ष गिरीले ८ वर्षदेखि आफैं अध्यक्ष भएर काम गरिरहेका छन् ।

टोल सुधार समितिका सदस्यहरुले २८ साउन ०७७ मा जिल्ला प्रशासन कार्यालय, त्यसअघि २२ साउनमा काठमाडौं उपत्यका विकास प्राधिकरणलाई छानबिनको लागि निवदेन दिएका थिए । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ६ चैत २०७७, १८ असोज ०७८, २९ मंसिर ०७९ र ५ भदौ ०८० मा उजुरी परेको छ । तर अहिलेसम्म अख्तियारले कुनै छानबिन अगाडि बढाएको छैन ।

अध्यक्ष गिरीले भने आफूले सरकारी रकम भ्रष्टाचार नगरेको बताए । '८ वर्षअगाडि गरेको कामको भुक्तानी श्रमिकलाई दिएको हुँ, अहिले पैसा चाहिएपछि भुक्तानी भएको छैन भन्न मिल्छ र ?' उपभोक्ता समितिका अध्यक्ष रहेका गिरीले अनलाइनखबरसँग भने । उनले आफुले ८ वटा सरकारी निकायलाई यससँग सम्बन्धित सबै कागजातहरु बुझाएको बताए ।

आफ्नो खातामा सरकारी रकम किन सार्नुभयो भन्ने प्रश्नमा उनले उपभोक्ता समितिका सदस्यहरुकै सहमतिमा रकम सारिएको दाबी गरे । वडा कार्यालयमा आफूलाई रकम तिर्न भनेर जबर जस्ती हस्ताक्षर गराएको पनि उनले दाबी गरे । उपत्यका विकास प्राधिकरणसँग गरेको सम्झौता अनुसार काम गरिसकेपछि अहिले विवाद निकालेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# निर्देशकको हातमा स्वस्तिमाको अभिनय

काठमाडौं/सशक्त कलाकार त्यो हो, जसले जुनसुकै भूमिकामा पनि जीवन्त अभिनय गर्न सक्छ र चरित्रमा विविधता पस्किन सक्छ । 'बुलबुल' र 'चिसो मान्छे'मा गरेको अभिनयको आधारमा अभिनेत्री स्वस्तिमा खड्कालाई यो कोटीमा राख्न सकिन्छ । तर, निर्देशक अनुसार उनको अभिनयमा देखिने परिवर्तन भने अचम्मको छ । कुनैमा उनको अभिनय सशक्त हुने गर्छ भने कुनैमा विर्सनलायक रहन्छ ।



'बुलबुल' र 'चिसो मान्छे' उनले आफ्नो अभिनयको सर्टिफिकेट देखाउने सशक्त फिल्म हुन् । यी दुई फिल्ममा उनले चरित्र निर्माण र अभिनयमा गरेको मिहिनेत पर्दामा देखिन्छ । 'बुलबुल'बाट त उनले राष्ट्रिय अवार्ड समेत जितेकी थिइन् । तर, उनै स्वस्तिमाको अभिनय अरु फिल्ममा भने सम्झनलायक रहन सकेको छैन । प्राय:मा उनको भूमिका र अभिनय दुवैमा पर्याप्त कमजोरी भेटिन्छ ।

'हजार जुनीसम्म', 'चपली हाइट ३', 'नाइँ नभन्नू ल ५', 'घामड शेरे' र अहिले प्रदर्शनरत फिल्म 'ऐंचो पैंचो'मा स्वस्तिमाको अभिनयले राष्ट्रिय अवार्ड जितेको साख समेत जोगाउँदैन । 'ऐंचो पैंचो'को प्रिमियरमा एकजना महिला निर्देशकले भनेकी थिइन्, 'स्वस्तिमा 'निर्देशकको हिरोइन' रहेछिन् ।' उनको आशय स्वस्तिमाको अभिनय निर्देशकमा निर्भर रहने भन्ने थियो ।

हुन पनि 'बुलबुल' र 'चिसो मान्छे'मा उनैबाट निर्देशकले प्रशंसनीय काम निकाले । जसमा उनको पनि मिहेनत देखिन्थ्यो । तर, अरु फिल्ममा उनको अभिनयले आलोचना बढी कमाएका छन् । राष्ट्रिय अवार्ड जितिसकेकाले पनि स्वस्तिमालाई अभिनयमा कमजोर हुन छुट दिँदैन । यसका लागि उनले फिल्म छनोटदेखि अभिनयसम्ममा विशेष ध्यान दिनुपर्ने हुन्छ । जसमा उनी चुकिरहेकी छन् ।

टिजर र ट्रेलरबाट 'ऐंचो पैंचो'मा उनको भूमिका र अभिनय सशक्त हुनसक्ने देखिएको थियो । तर, फिल्ममा निराश बनाउने जिम्मा उनकै छ । बरु कम 'स्क्रिन टाइम'मा रहेकी वर्षा राउत सशक्त छिन् । निर्देशकको भूमिकाले कलाकारको अभिनयमा फरक पार्छ नै । तर, एउटै फिल्ममा एउटाको राम्रो र अर्कोको कमजोर अभिनय कसरी हुन सक्छ ? स्वस्तिमाले आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ ।

# 'एक भगवत् गीता'को पक्षमा उभिए फिल्मकर्मी, बोर्डको विरोध

काठमाडौं/हिन्दू धर्मको पवित्र ग्रन्थमध्ये एक 'श्रीमद् भागवद् गीता'को नाममा फिल्म निर्माण भएकोमा आपत्ति जनाउँदै केही सनातन धर्मका संस्थाहरुले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र चलचित्र विकास बोर्डमा नाम परिवर्तनको माग राख्दै निवेदन बुझाएपछि फिल्म 'एक भगवत् गीता'ले बोर्डबाट सेन्सर सिफारिस पाउन सकेको छैन । बरु बोर्डले निर्मातालाई फिल्मको नाममा आपत्ति जनाएका संस्थाहरुसँग सहमति गर्नका लागि दबाब दिइरहेको छ ।




बोर्डलाई तालुकवाला मन्त्रालय (सञ्चार तथा सूचना)ले नै विवाद मिलाउन निर्देशन दिएको छ । जसले गर्दा बोर्डले फिल्मलाई सेन्सर सिफारिस दिनुभन्दा पहिला दुई पक्षबीच विवाद मिलाउन प्रयास गरिरहेको छ । तर, सहमति जुट्न सकेको छैन । त्यसो त बोर्डलाई फिल्मको सेन्सर सिफारिस रोक्ने अधिकार छैन । फिल्मको नाम परिवर्तन गर्ने या नगर्ने वा प्रदर्शन गर्न दिने या नदिने भन्ने निर्णय सेन्सर बोर्डले गर्छ । तर, मन्त्रालयको निर्देशनका कारण बोर्ड दबाबमा परेको छ । फिल्मले सेन्सर सिफारिस नपाएपछि राज्य र बोर्डविरुद्ध फिल्मकर्मीहरुले आवाज उठाउन थालेका छन् ।

कलाकार दीपकराज गिरीले फेसबुकमा स्टाटस लेख्दै नामकै कारण फिल्मको प्रदर्शन रोक्नु जायज नभएको बताएका छन् । निर्देशक झरना थापाको परिवार नै श्रीकृष्णको ठूलो भक्त रहेकाले भक्तले बनाएको फिल्ममा धर्मको खिल्ली उडाए भनेर पत्याउन नसकिने उनको भनाई छ । फिल्मको रिलिज रोक्न नहुने बताउँदै उनले बोर्डलाई जागिर खाने थलो मात्र नबनाउन आग्रह गरेका छन् । त्यस्तै, कलाकार निर्मल शर्माले फिल्म क्षेत्रलाई जीवित राख्न समर्पित र मिहिनेती निर्मातालाई बचाउनु पहिलो धर्म हुने बताएका छन् । निर्देशक शोभित बस्नेतले 'एक भगवत् गीता'लाई कहीं कतै बस्नेत परिवारको उपस्थिति चाहिए हाजिर हुने भन्दै ढाडस दिएका छन् ।

निर्देशक सुजीत विडारीले भने सेन्सर बोर्ड र चलचित्र विकास बोर्ड नै खारेजीको माग गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, 'यो सेन्सर बोर्ड र चलचित्र विकास बोर्ड खारेज गरिदिउँ । आ-आफ्नै संघ-संगठनले सेन्सर गर्ने भएपछि यिनको के काम ? राजनैतिक फिल्म बनाए सर्वदलिय समिति बनाएर सेन्सर गरौं, पारिवारिक चलचित्र बनाए नेपाल परिवार दललाई सेन्सर गर्न दिउँ, साइन्स फिक्शन फिल्म बनाए नाष्टलाई सेन्सर गर्न दिउँ । विधि-विधान, नीति-नियम नमान्ने थिती बसालेर हामी फेरि ढुङ्गे युगमा फर्कन खोजेको हो ? 'कमन सेन्स' छ कि छैन ?'


अभिनेता कृष्ण मल्लले एउटा निर्मातामाथि अन्याय हुँदा कोही नबोलेकोमा आपत्ति जनाएका छन् । उनी फेसबुकमा लेख्छन्, किन संगठन ? किन संस्था ? किन बोर्ड ? आज सुनिल कुमार थापा रुँदा पनि केही नबोल्ने ? कोही नबोल्ने ? एउटा निरन्तर फिल्म बनाउने निर्माता पलाएन भयो भने दोष कसको ? फिल्म बजारमा आएको छैन, अरुलाई त्यहाँको कन्टेन्ट कसरी थाहा भयो ? नाम राख र फेर भन्ने को हो ? मेरो नाम कृष्ण पनि धार्मिक कारणले फेर भन्लान् ? यो कस्तो राज्य हो ? यो कस्तो चलचित्र क्षेत्र हो, एकजनालाई अप्ठ्यारो पर्दा अरु नबोल्ने ?'

समीक्षक यज्ञश, निर्देशकहरु प्रदीप भट्टराई, जनकदीप पराजुली, डब्बु क्षेत्रीलगायतले पनि 'एक भगवत् गीता'लाई बोर्डले सेन्सर सिफारिस नदिएकोमा विरोध जनाएका छन् । बोर्डले शुक्रबारको बोर्ड बैठकबाट फिल्मको सेन्सर सिफारिसको विषयमा निर्णय लिने जानकारी प्राप्त छ । हिन्दूवादी संस्थाहरुले मन्त्रालय र बोर्डमा निवेदन बुझाउँदै फिल्मको नाम परिवर्तन नगरी प्रदर्शनको अनुमति दिए जस्तोसुकै कदम उठाउन सक्ने चेतावनी दिएका छन् । निर्माता भने फिल्मको नाम परिवर्तन गर्न तयार देखिएका छैनन् । यो फिल्म यही भदौ २९ गतेबाट प्रदर्शन हुँदैछ ।

एपीजीको प्रतिवेदन :

# नेपाल सम्पत्ति शुद्धीकरणको जोखिमयुक्त सूचीमा जाने निश्चित

काठमाडौं/नेपाल सम्पत्ति शुद्धीकरणको मामिलामा जोखिमयुक्त मुलुकमा सूचीकृत भई अन्तर्राष्ट्रिय अनुगमनमा जाने निश्चित भएको छ ।




सम्पत्ति शुद्धीकरणको मामिलामा अनुगमन गर्ने निकाय, फाइनान्सियल एक्सन टास्क फोर्सको एसिया प्यासिफिक ग्रुप एपीजीले नेपाल सरकारलाई उपलब्ध गराएको प्रतिवेदन अनुसार नेपाल जोखिमपूर्ण मुलुक (ग्रे लिष्ट)मा जाने निश्चित भएको हो ।

'हामी ग्रे लिष्टमा जाने करिब निश्चित भइसक्यो, त्यसका लागि केही प्रक्रियाहरु बाँकी छन्', प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय उच्च स्रोतले भन्यो, 'अब केही महिनामा सम्पत्ति शुद्धीकरण रोकथाममा ठूलो छलाङ मारेर नाटकीय सुधार गरेको अवस्थामा बाहेक नेपाल यो जोखिमबाट उम्कन नसक्ने देखियो ।'

एपीजीको विश्लेषण अनुसार ४० वटा क्षेत्रमध्ये नेपालको ५ वटामा मात्रै सन्तोषजनक अवस्था छ । करिब आधाजसो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम घटाउने कानुनी संरचना समेत छैन । कानुनको प्रभावकारी कार्यान्वयनको विषयमा कतै पनि नियमको परिपालना नभएको प्रतिवेदनमा औंल्याइएको छ । स्रोतले भन्यो, 'कतिपय विषयमा त कानुनी व्यवस्था पालनाको सामान्य प्रयास समेत भएको छैन ।'

अवैध धन ओसारपसार र त्यसको कारोबारलाई नियन्त्रण गर्न नसक्ने मुलुकहरु जोखिमपूर्ण सूची (ग्रे लिष्ट)मा पर्ने गर्छन् । कुनै पनि मुलुक जोखिमपूर्ण सूचीमा परेमा उसको अन्तर्राष्ट्रिय विश्वसनीयतामा प्रश्न उठ्छ । कतिपय मुलुकहरुले जोखिमपूर्ण सूचीमा रहेका मुलुकसँग कारोबार गर्दा कडा शर्तहरु अघि सार्ने गर्छन् । मुलुकको अन्तर्राष्ट्रिय छविमाथि नै प्रश्न उठ्ने भएकाले केही समयदेखि यससँग सरोकारवालाहरुले संरचनागत सुधारका लागि वकालत गर्दै आएका थिए ।

नेपाल राष्ट्र बैंकका एक अधिकारीका अनुसार, आर्थिक अपराध नियन्त्रणमा नेपालको प्रयासलाई अन्तर्राष्ट्रिय विश्लेषक टोलीले 'शून्यप्राय:' भनेको छ । विभिन्न क्षेत्रमा कानुन पालनाको अवस्थाबारे एपीजीको टोलीले उच्च, राम्रो, मध्यम र न्यून भनी वर्गीकरण गरेको थियो । नेपालको कुनै पनि क्षेत्र उच्च र मध्यममा परेको छैन । ११ वटामध्ये ७ वटा क्षेत्र मध्यम खालको छ भने ४ वटा न्यून अवस्थाको छ ।

गत माघमा एफएटीएफको टोलीले नेपालको स्थलगत निरीक्षणपछि हिंड्ने बेलामा प्रारम्भिक प्रतिवेदन दिएको थियो । जसमा राज्यका निकायहरुको प्रभावहीनता र ठूला वित्तीय अपराधमा राज्यकै संरक्षणका कारण नेपाल जोखिमपूर्ण मुलुकमा पर्नसक्ने चेतावनी थियो । अन्तर्राष्ट्रिय निगरानीमा जाने प्रक्रियालाई बोलीचालीको भाषामा जोखिमपूर्ण मुलुक (ग्रे लिष्ट)मा सूचीकृत हुने भन्ने गरिन्छ ।

एपजीको टोलीले सरकारलाई ११ बुँदे विवरण, त्यसको निचोड र सुझाव सहितको प्रारम्भिक विवरण बुझाएको हो । राज्यका नियमनकारी निकायहरु शंकास्पद लगानी, गैरकानुनी धनको कारोबारको निगरानीमा अत्यन्त उदासीन र निष्प्रभावी देखिएको भन्दै उसले गैरकानुनी सम्पत्तिमाथि अनुसन्धानमा राज्यको अठोट हुन नसकेको निष्कर्ष निकालेको थियो । अनुसन्धान गर्ने सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सबै दृष्टिकोणले निष्प्रभावी भन्दै टोलीले कैयौं ठूला वित्तीय अपराध र विचलनमा नेपालको राज्यसंयन्त्र निरीह देखिएको औंल्याएको थियो ।

त्यो प्रतिवेदनका आधारमा उसले नेपालको आधिकारिक प्रतिक्रिया र धारणा लियो । त्यसक्रममा नेपाल र अन्तर्राष्ट्रिय टोलीबिच पटकपटक छलफल भयो । हालै क्यानडाको भ्याङकुभरमा भएको वार्षिक साधारण सभामा नेपाल माथिको प्रतिवेदनमाथि अन्य मुलुकहरुले समेत प्रतिक्रिया र सुझावहरु दिएका थिए । त्यसपछि एपीजीले प्रतिवेदन नेपाल सरकार लाई दिएको हो, जुन शुक्रवार सार्वजनिक समेत भएको छ ।

एपीजीको टोलीले कानुन निर्माणलाई उच्च प्राथमिकता दिन नेपाल सरकारलाई सुझाव दिएको छ । उसले अपराधको राजनीतिक संरक्षणमाथि प्रश्न उठाउँदै गैरकानुनी धन ओसारपसार र कारोबार हुने क्षेत्रमाथि प्रहार गर्न सुझाव दिएको छ ।

उसले आर्थिक अपराध हुने क्षेत्रको अनुसन्धानमा जोड दिँदै उच्च जोखिमपूर्ण क्षेत्रको नियमन र सुपरीवेक्षण हुनुपर्ने औंल्याएको हो । टोलीले प्रतिवेदन मार्फत नेपाल राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण नियन्त्रण मामिला हेर्ने विभागको सशक्तिकरण हुनुपर्ने सुझाव दिएको छ । अनि अपराधबाट आर्जित र कम र सम्पत्ति जफतलाई पनि प्राथमिकतामा राख्न सिफारिस गरेको छ ।

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले यसअघि नै छनक पाए झैं नेपाल जोखिमयुक्त मुलुकको सूचीमा जाने निश्चित भएको र अहिलेको प्रतिवेदनमा त्यो विषय परेको बताउँछन् ।

'हामीले पहिल्यैदेखि जोखिम बढ्दै छ, विभिन्न क्षेत्रमा तत्काल काम अगाडि बढाउनुपर्छ भनेको हो' उनी भन्छन्, 'प्रतिवेदनमा पनि यो यो क्षेत्रका तिमीहरुले सुधार गर्नुपर्छ भनेकै छ, कानुन निर्माणलाई प्राथमिकतामा राख्न सिफारिस गरेको छ । अब पनि ढिलाइ गर्ने हो भने हामीले थप क्षति भोग्नुपर्छ ।'

नेपालमा सम्पत्ति शुद्धीकरण सम्बन्धी राष्ट्रिय समन्वय समितिले सम्पत्ति शुद्धीकरण सम्बन्धी नीतिहरुको निरीक्षण गर्छ । नेपालबारे अध्ययन गरेको टोलीले सरकारी अधिकारीहरु र निजी क्षेत्रसँग सम्पत्ति शुद्धीकरण र आतंकवादमाथि हुने लगानीका बारेमा सीमित बुझाइ रहेको र त्यसले समस्या पारेको औंल्याएको छ ।

अवैध धनको कारोबार माथि निगरानी गर्ने र लगाम लगाउने नेपाली निकायहरु कमजोर रहेको र तिनको कानुनी संरचना फेर्नुपर्ने भन्दै उसले क्षमता बढाउनुपर्नेमा जोड दिएको छ । अवैध धनको कारोबारमाथि प्रहार गर्न उच्चस्तरको प्रतिबद्धता, स्रोत परिचालन आवश्यक रहेको औंल्याएको छ ।

उसले बैंकहरुको कारोबार र त्यसमा पनि शंकास्पद कारोबार माथि रिपोर्टिङ गर्ने परिपाटी सुधार हुनुपर्ने औंल्याएको छ । अनि गैरबैंकिङ व्यवसाय र कारोबारहरुका विवरण वित्तीय जानकारी इकाइमा नआएको भन्दै त्यसलाई सुधार्नुपर्ने औंल्याएको हो । बैंक र नगद कारोबार बाहेक घरजग्गा, शेयर, व्यापार व्यवसायमा हुने शंकास्पद कारोबारको निगरानी प्रभावकारी नभएको भन्दै एसिया प्यासिफिक ग्रुप (एपीजी)ले यस्तो सुझाव दिएको हो ।

एपीजीले नेपालको सम्पत्ति शुद्धीकरण सम्बन्धी केही कानुन तत्काल परिमार्जनमा जोड दिएको छ । अवैध धन कारोबारका शंकास्पद क्षेत्रमा निगरानी बढाउनुपर्ने भन्दै भ्रष्टाचार, कर छली, अवैध कारोबारका बारेमा सार्वजनिक र निजी क्षेत्रलाई संवेदनशील बनाउन सुझाव दिएको छ । उसले मानव बेचबिखन, लागूऔषध कारोबार र त्यसम्बन्धी अपराध, वातावरणीय अपराध, र अन्तर्राष्ट्रिय अपराधमा अनुसन्धान बढाउन सुझाव दिएको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तारानाथ अधिकारीले एपीजीको प्रतिवेदन एफएटीएफले अनुमोदन गर्ने र त्यसपछि कार्ययोजना अनुसार नेपाल अघि बढ्नुपर्ने बताए । 'प्रतिबद्धता अनुसार नेपालले सुधार गऱ्यो भने उसले थप अवसरका लागि समय दिन सक्छ' उनले भने, 'होइन भने हामीमाथि अन्तर्राष्ट्रिय अनुगमन सुरु हुन्छ, जसलाई हामी ग्रे लिष्टमा पऱ्यौं भन्ने गर्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# तालिम छलेर सहसचिवको कार्यकाल लम्ब्याउन रोक

काठमाडौं/सरकारले बढुवा र वृत्ति विकासका लागि अनिवार्य गरिएका तालिम नलिई सेवाअवधि लम्ब्याउने प्रवृत्ति निरुत्साहित गर्ने नीति लिएको छ । यसका लागि संघीय निजामती सेवा ऐनमै वरिष्ठ सहसचिवहरुले आफ्नै पालोमा नेतृत्व विकाससम्बन्धी तालिम लिनुपर्ने व्यवस्था गरिने भएको छ ।

बिहीबारको मन्त्रिपरिषद बैठकले पारित गरेको संघीय 'निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी विधेयक, २०८०'मा यस्तो व्यवस्था प्रस्ताव गरिएको हो ।

निजामती सेवा ऐनअनुसार विशिष्ट श्रेणी (सचिव)मा नियुक्त हुन नेतृत्व विकाससम्बन्धी तालिम लिनैपर्ने हुन्छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले 'सिनियर एक्जियुटिभ डेभलप प्रोग्राम' (एसईडीपी) कोर्स डिजाइन गरेको छ । ६ महिने यो कोर्स गरेपछि सहसचिवहरु, सचिवमा बढुवाका लागि योग्य हुन्छन् ।

प्रतिष्ठानका अध्यक्ष राजन खनालका अनुसार संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले एकपटकमा २५ जना वरिष्ठ सहसचिवको नाम तालिमका लागि सिफारिस गर्छ । 'सिफारिस भएका केही सहसचिव भने तालिममा आउनुहुन्न,' उनले भने, 'किन आउनुहुन्न भन्ने हामीलाई जानकारी हुँदैन ।'

मोरङका प्रमुख जिल्ला अधिकारी रहेका वीरेन्द्रप्रसाद यादवले अहिलेसम्म एसईडीपी तालिम लिएका छैनन् । प्रशासनका वरिष्ठ सहसचिव रहेका उनले कार्यकाल लम्ब्याउन तालिम टार्दै आएका हुन् । किन तालिन नलिनु भएको भन्ने प्रश्नमा उनले भने 'व्यक्तिगत कारणले अहिलेसम्म तालिम लिन सकिनँ । अब लिन्छु ।'

कुनै बेला दीपेन्द्रविक्रम थापा २० वर्ष सेवा अवधि समेत नपुर्याउँदै सचिव भएर अवकास समेत लिएका थिए । तर, पछिल्लो समयमा त्यस्तो अवस्थाको कल्पनासम्म गनर् सहसचिवहरू तयार छैनन् । सञ्चार सचिव कृष्णबहादुर राउतले पनि कार्यकाल लम्ब्याउन लामो समय एसईडीपी तालिम लिएका थिएनन् ।

## ब्रेकअपपछि भेनिस फिल्म फेस्टिभलमा सौगात र सृष्टि आमने-सामने

काठमाडौं/गत वर्ष करिब ५ वर्ष लामो प्रेम सम्बन्धलाई टुंग्याएका अभिनेता सौगात मल्ल र सृष्टि श्रेष्ठ ब्रेकअपपछि पहिलोचोटी एक सार्वजनिक कार्यक्रममा आमने-सामने भएका छन् । शुक्रबार इटालीको 'भेनिस फिल्म फेस्टिभल'मा सहभागी हुने क्रममा उनीहरु एकसाथ देखिएका हुन् । उनीहरुको मुख्य भूमिका रहेको फिल्म 'द रेड सुटकेस'को उक्त फेस्टिभलमा शुक्रबार साँझ विश्व प्रिमियर हुँदैछ ।

ब्रेकअपपछि सौगात र सृष्टिबीच बोलचाल छैन । फेस्टिभलमा उनीहरुबीच 'हाई हेल्लो' समेत नभएको त्यहाँ पुगेका एक प्रतिनिधिले जानकारी गराए । यद्यपि, अन्तर्राष्ट्रिय मिडियालाई तस्वीर खिचाउने क्रममा दुवैलाई एकसाथ उभिनुपर्ने बाध्यता आइलागेको थियो । तस्वीरमा दुवैलाई एकसाथ उभिन असहज महसुस भएको हाउभाउ र अनुहारको भावभंगीबाट बुझिन्छ । भेनिस फिल्म फेस्टिभलमा 'द रेड सुटकेस'का अर्का मुख्य अभिनेता विपिन कार्की, निर्देशक फिडेल देवकोटा र निर्माता रामकृष्ण पोखरेल पनि सहभागी भएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# वडाध्यक्षसामु महिलाका गुनासैगुनासा

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/मनहरी गाउँपालिका वडा नं १ का वडाध्यक्ष शिवप्रसाद खनालप्रति महिलाहरुले गुनासो गरेका छन् । सार्बजनिक सरोकार र महिलामाथि हुने हिंसाका बारेमा स्थानीय सरकार महिलाबीच आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै महिलाहरुले कृषि अनुदानदेखि शिक्षा क्षेत्रको विकासका कुराहरुका बारेमा गुनासो गरेका हुन् ।

डब्लुपीडी नेपाल र इन्सेकले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै वडाध्यक्षसामु महिलाहरुले गुट्खा निषेध गरेको भनिए पनि विद्यार्थीले खुलेआमा चुरोट र गुट्खा किनेर सेवन गरिरहेको बताएका हुन् । कार्यक्रममा एक महिलाले 'गाउँपालिकाले गुट्खा बन्द गरेको छ भन्ने माइकिङ पनि भयो तर, हाम्रो गाउँमा स्कूलको ड्रेसमै गुट्खा र चुरोट खाने विद्यार्थीहरु मैले देखिरहेको छु ।' त्यस्तै अर्की महिलाले रातदिन रक्सी खाएर गाउँभरिका मान्छेलाई अश्लील शब्द प्रयोग गर्ने, नाङ्गै बस्ने, खुलारुपमा बाटामा दिसा गर्ने पुरुषहरु देखेर वाक्क भएको बताइन् ।

'मैल वडाध्यक्षलाई भनेर तिमीलाई म कारबाही गराउँछु भन्दै धम्क्याएँ', ती महिलाले भनिन्-'तेरो वडाध्यक्षले के गर्न सक्छ ? लिएर आइजो भन्दै उल्टै थर्काउँछन् ।' कार्यक्रममा स्थानीय बालजीवनज्योति माध्यमिक विद्यालयको पढाई स्तर सुधार्नुपर्ने, कक्षा ११ को पढाई बिहान हुनुपर्ने, छात्रबृत्ति बितरण प्रक्रिया पारदर्शी हुनुपर्ने लगायतका बिषयहरुमा वडाध्यक्षको ध्यानाकर्षण गराइएको थियो । त्यसैगरी हालसालै बितरित पाडी एकल महिलाले नपाएको भन्दै दुखेसो समेत ब्यक्त भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष खनालले सबै समस्याहरुका समाधानका लागि आफू पुन: निर्वाचित भएर आएको बताए । 'जे जति सबालहरु उठाउनुभएको छ, त्यो सबै कुरामा मैले ध्यान दिनेछु', वडाध्यक्ष खनालले भने-'यसपटक पाडी पाएन भनेर नरिसाउनुस, अर्कोपटक पालो आउँछ ।' कार्यक्रममा वडासचिव सुरेन्द्र न्यौपाने, कार्यपालिका सदस्य सेतीमाया तामाङले पनि जबाफ तथा वडाले प्रबाह गर्ने कामका बारेमा जानकारी गराएका थिए । डब्लुपीडीकी फिल्ड सुपर भाइजर तिलकुमारी हुमागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा इन्सेकका कार्यक्रम संयोजक कृष्ण नेपालले स्वागत तथा कार्यक्रमको औचित्य प्रस्ट्याएका थिए ।

# थाहानगर उवासंघको निर्वाचन आज, अधिकांश सर्वसम्मत हुने संकेत

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/मकवानपुरको थाहानगर उद्योग वाणिज्य संघको नयाँ कार्यसमितिका लागि अधिकांश पदमा सर्वसम्मत हुने सम्भावना देखिएको छ ।

शुक्रबार भएको उमेदवारी दर्तामा आवश्यक संख्यामा मात्र उमेदवारी दर्ता भएपछि वाणिज्य सदस्य र उद्योग सदस्य बाहेकका पदमा सर्वसम्मत हुने भएको हो । संस्थाको विधान बमोजिम प्रत्यक्ष निर्वाचन विधिबाट छानिने अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, वाणिज्य उपाध्यक्ष, उद्योग उपाध्यक्ष, वस्तुगत उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष, वाणिज्य महिला सदस्य र वस्तुगत सदस्य पदमा सर्वसम्मत भएका हुन् ।

निर्वाचन अधिकृत विवेक मानन्धरका अनुसार शुक्रबार भएको उमेदवारी दर्तामा अध्यक्ष पदमा पुरुषोत्तम ढकाल, वरिष्ठ उपाध्यक्षमा शम्भुसिं कार्की, उपाध्यक्ष (वाणिमज्य)मा सुरेन्द्रमान प्रधान, उपाध्यक्ष (उद्योग)मा सानुकाजी गोपाली, उपाध्यक्ष (वस्तुगत) राजेन्द्र बिडारी, महासचिवमा जर्मलाल श्रेष्ठ, कोषाध्यक्षमा प्रदीप प्रधान, सचिवमा श्रीराम कार्की, सहकोषाध्यक्षमा निरोज प्रधान, महिला वाणिज्य सदस्यमा यशोदा अधिकारी र वस्तुगत सदस्यमा सुविन्द्रमान प्रधानको मात्र उमेदवारी परेपछि सर्वसम्मत हुने निश्चित भएको हो ।

यसैगरी, ७ वाणिज्य सदस्यका लागि ८ जनाको उमेदवारी दर्ता भएको छ । सो पदमा धर्मलाल प्रधान, ईश्वर कार्की, बलराम थापा, विक्रम केसी, विश्वनाथ रायमाझी, यादवजंग रायमाझी, अंजल प्रधान र जयराम खत्री केसीको उमेदवारी परेको हो ।

उद्योगतर्फका ४ सदस्यका लागि ५ जनाको उमेदवारी परेको छ । यो पदमा राजनप्रसाद ढकाल, आरती श्रेष्ठ, सुमन विष्ट, हरेराम कार्की र सहदेव ढकालको उमेदवारी परेको छ । संघका अध्यक्ष कविराज खत्रीका अनुसार यो पदहरुमा पनि सर्वसम्मत गराउने प्रयास जारी रहेको र भोलि शनिबार सम्म सर्वसम्मत हुने अपेक्षा रहेको खत्रीले बताए । अधिवेशन शनिबार दिउँसो जेसीज हलमा हुनेछ ।

# 'छाँयादेवी स्मृति मानव अधिकारबाट दाहाल सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/मकवानपुरका मानवअधिकारकर्मी तथा उपप्राध्यापक कृष्णप्रसाद दाहाल छाँयादेवी स्मृति मानवअधिकार सम्मान-२०८० बाट सम्मानित भएका छन् ।

नेपाल मानवअधिकार संगठन मकवानपुरले अधिवक्ता समेत रहेका दाहाललाई शुक्रबार सम्मान गरेको हो । नेपाल मानव अधिकार संगठन मकवानपुरको सातौं वार्षिक साधारणसभामा दाहाललाई नगदसहित सम्मान गरिएको थियो । दाहाललाई प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले नगदसहित सम्मान गरेका थिए ।

कार्यक्रममा संगठनका प्रदेश अध्यक्ष एवम् जिल्ला अदालत बार एशोसिएसन मकवानपुरका अध्यक्ष अप्सरा बस्नेतले महिलाविरुद्धको भेदभावसम्बन्धी कार्यपत्र प्रस्तुत गरेकी थिइन् । यसैगरी संगठनका कोषाध्यक्ष तेजकुमारी थापाले आर्थिक प्रतिवेदन र अध्यक्ष शर्मिला श्रेष्ठले प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् ।

संगठन अध्यक्ष शर्मिला श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयका अधिकृत लोकनाथ घिमिरे, वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले, संगठनका संस्थापक अध्यक्ष कृष्णप्रसाद दाहाल, संगठनका प्रदेश अध्यक्ष अप्सरा बस्नेत, गैसस महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# माइत हिँडेकी स्याङ्तान सम्पर्कविहीन

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/माइत जान्छु भनेर हिँडेको अवस्थामा मकवानपुरकी एक महिला परिवार को सम्पर्कमा छैनन् । भदौ १० गते राक्सिराङ गाउँपालिका-२ स्थित माइतीघरमा कुखुरा लिन जान्छु भन्दै घरबाट निस्केका प्रितीमाया स्याङ्तान परिवारको सम्पर्कमा नआएको जनाइएको छ ।

उनका श्रीमानले ईलाका प्रहरी कार्यालय मनहरीमा खोजतलास गरिपाउ भन्दै भदौ २१ गते निबेदन दिएका छन् । भदौ १२ गते बेपत्ता भनिएका प्रितिमाया 'शान्ति' ले ससुरालाई पासपोर्ट बनाएर २/३ दिनमा घर आउँछु भन्दै फोन गरेकी थिइन् । त्यसपछि भने उनले प्रयोग गर्दै आईरहेको नमस्ते र एनसेल दुबै नम्बरमा सम्पर्क गर्दा स्विचअफ गरिएको उनका श्रीमान कमानसिङ स्याङ्बोले जानकारी दिए ।

स्याङ्बोका अनुसार ज्यालामजदुरी गरेर साँझ घरमा आईपुग्दा श्रीमती घरमा नहुदा कहाँ गएको भनेर खोजी गर्ने क्रममा कहिले कता कहिले कताको ठेगाना दिने र माइतिघरमा फोन गर्दा पनि उनी माइतीमा नरहेको पुष्टि भएको थियो । यत्रो दिन बितिसक्दा पनि हराएको मान्छेको अत्तोपत्तो नभएपछि खोजतलास गर्न प्रहरी प्रशासनमा धाउन बाध्य भएको उनका श्रीमानले बताए । दुईवटा छोरीको भबिष्यको लागि दिनरात ज्यालामजदुरी गर्दै हिड्ने स्याङ्बो आफ्ना श्रीमती खोजिदिन भन्दै प्रहरी प्रशासनमा पुगेको हुन् ।

# स्थापना दिवसको अवसरमा रक्तदान

हेटौंडा, २२ भदौ/हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडले शुक्रबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

सहकारीले आफ्नो २८ औं स्थापना दिवसको अवसरमा र क्तदान कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रम हेटौंडा-६ का वडाध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा ११ जनाले रक्तदान गरेका छन् । जसमा ३ महिला र ८ पुरुष रहेका छन् ।

# वीपीको प्रतिमा अनावरण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/जननायक मकवानपुरको हेटौंडामा जननायक वीपी कोइरालाको अर्धकदको प्रतिमा अनावरण गरिने भएको छ । जननायक तथा पूर्वप्रधानमन्त्री वीपी कोइरालाको अर्धकदको प्रतिमा अनावरण गर्न नेपाली कांग्रेस वरिष्ठ नेता शेखर कोइराला हेटौंडा आउने भएका छन् ।

भदौ २४ गते हेटौंडा-११ स्थित वीपी बाटिकामा निर्माण गरिएको वीपीको प्रतिमा अनावरण गरिने कार्यक्रम रहेको तथा प्रतिमा अनावरण गर्न कोइराला हेटौंडा आउने नेपाली कांग्रेस मकवानपुरले जनाएको छ । कांग्रेस मकवानपुरको आयोजना तथा वीपी विचार समाज मकवानपुरको संयोजनमा वीपीको १ सय १० औं जन्मजयन्तीको अवसरमा प्रतिमा अनावरण हुने शुक्रबार हेटौंडामा पत्रकार भेटघाटमार्फत् जानकारी गराइएको हो ।

वीपी विचार समाज मकवानपुरले २४ गते नै वीपीको विचारको सान्दर्भिकताको विषयमा वीपी विचार विषयक गोष्ठी समेत आयोजना गर्ने भएको छ । कांग्रेस मकवानपुर सभापति बुद्ध लामाका अनुसार नेता डा. कोइरालाले जिल्लाका नेता तथा कार्यकर्तालाई राष्ट्रिय राजनीति तथा कांग्रेसको पछिल्लो समयको रणनीतिको विषयमा जानकारी दिने छन् ।

# डेंगू संक्रमित संख्या ४०६ पुगे

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ४०६ पुगेको छ । जिल्लामा शुक्रबार थप ४ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ४०६ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

शुक्रबार जिल्लाको हेटौंडा उपमहानगरपालिकाका ३ जना र इन्द्रसरोवर गाउँपालिकाका एक जनामा डेंगू संक्रमण पुष्टि भएको हो ।

# प्रदेश अधिवेशनको तयारीमा जुट्यो एमाले मकवानपुर




साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/नेकपा एमालेले बागमती प्रदेशको प्रथम अधिवेशनको तयारीमा पाटी जिल्ला कमिटी जुटेको छ । एमालेको आगामी असोजमा काठमाडौंमा हुने प्रथम बागमती प्रदेश अधिवेशनको लागि तयारी थालिएको हो ।

आगामी असोज ८ र ९ गते काठमाडौंमा हुने प्रथम बागमती प्रदेश अधिवेशनको लागि मकवानपुरका ११ हजार ६ सय ८४ पाटी सदस्यबाट १ सय २५ बरावर १ जना, मजदुर, पेशागत र उत्पीडित क्षेत्रबाट ५० जना बरावर १ जनाको व्यवस्था भएको र करिव १ सय जना प्रतिनिधि चयन हुने जिल्ला कमिटीका सचिव नवीन सिग्देलले बताए । पालिकाको १०, मजदुर र पेशागत क्षेत्रबाट १ जना र उत्पीडित क्षेत्रको प्रतिनिधिसभा २ क्षेत्र गरी १३ वटा प्रतिनिधि छनोट केन्द्र रहने छ । भाद्र २७ गते एकैदिन केन्द्रमा प्रतिनिधि छनोट हुने सचिव सिग्देलले बताए ।

नेकपा एमाले केन्द्रीय पोलिटव्यूरो सदस्य तथा मकवानपुर ईन्चार्ज देवी ज्ञवालीले पाटीलाई बलियो बनाउनको लागि नेता कार्यकर्ताले त्याग गर्न तयार हुनुपर्ने बताएका छन् । ज्ञवालीले विभिन्न पाटीबाट प्रवेश गर्नेलाई जिम्मेवारी दिन र नयाँ पुस्तालाई समेटेर नै पाटी बलियो बनाउनुपर्ने बताए । पाटी कामको जिम्मेवारी सहमति र समझदारीका साथ लिनको लागि उनले निर्देशन समेत दिए ।

पाटी मकवानपुर जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा पाटी केन्द्रीय सदस्यहरु केदार न्यौपाने, रामेश्वर राना, कृष्णप्रसाद दाहाल, केन्द्रीय सल्लाहकार परिषद्का सदस्य सूर्यचन्द्र न्यौपाने, केन्द्रीय निर्वाचन विभागका सदस्य अनन्त पौडेल, प्रदेश कमिटी सदस्यहरुको उपस्थिति रहेको थियो ।

# न्वागी पर्वले उत्थानमा सघाउने प्रदेशप्रमुख शर्माको विश्वास



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले आज शुक्रबार प्रकृतिपूजक चेपाङ समुदायको महत्वपूर्ण पर्व छोनाम अर्थात न्वाँगीका अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

प्रदेशप्रमुख शर्माले शुभकामना सन्देश जारी गर्दै बागमती प्रदेश तथा देशका विभिन्न जिल्लामा बसोबास गर्ने चेपाङ दाजुभाइ, दिदिबहिनी तथा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गरेका छन् । आफ्नो सन्देशमा प्रमुख शर्माले नयाँ अन्न खाने दिनका रुपमा मनाइने न्वाँगी पर्व चेपाङ जातिको जीवनशैली र संस्कृतिसँग जोडिएको उल्लेख गरेका छन् । 'भीरपाखामा बस्न रुचाउने चेपाङ समुदायले पाखापखेरामा लगाएको मकै, धान र फलफूल भदौमा पाक्ने भएकाले यही महिनामा न्वाँगी धुमधामसँग मनाउने गरिएको हो ।' प्रमुख शर्माले भनेका छन् ।

चेपाङ समुदाय बागमती प्रदेशको चितवन, मकवानपुर र धादिङ तथा देशका अन्य विभिन्न ३१ जिल्लामा बसोबास गर्दछन् । यस्ता पर्वले धार्मिक सहिष्णुता एवं भातृत्व विकासमा टेवा पुग्ने प्रमुख शर्माको भनाई छ । 'बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताले भरिपूर्ण नेपालमा न्वाँगीजस्ता पर्वले विविधताभित्र एकता, धार्मिक सहिष्णुता एवं भातृत्व विकासमा महत्वपूर्ण टेवा पुऱ्याउँदछ ।' उनले भनेका छन्, 'चेपाङहरुको भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण गर्न यो पर्वले महत्वपूर्ण भूमिका खेल्दछ' । लोपोन्मुख जातिका रुपमा रहेका चेपाङ समुदायको उत्थान तथा प्रगतिमा समेत यस्ता पर्वले सघाउ पुऱ्याउने शर्माको विश्वास छ ।


## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति: २०८०/०५/२३*

श्री प्रजा आधारभूत विद्यालय मनहरी-३, सिद्धकालीमा मनहरी गाउँपालिका रजैयाको सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय एकाइ मकवानपुरको च.नं. १७६ मिति २०८०/०५/१८ को प्राप्त पत्र र यस विद्यालयको वि.व्य.स. को मिति २०८०/०५/२१ गतेको बैठकको निर्णयअनुसार प्रा.वि. तहमा राहत अनुदान करार शिक्षक पद रिक्त र हेको र उक्त पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले १५ दिनभित्र तपशिलमा उल्लेखित कागजातसहित रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल:**
१. पद : शिक्षक
२. संख्या : १ जना
३. तह: प्रा.वि.
४. सेवाको प्रकार : राहत करार
५. शैक्षिक योग्यता: +२ वा सो सरह
६. आवश्यक कागजातहरु:
क. हस्तलिखित निवेदन- १ प्रति
ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
घ. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
७. तलब स्केल : नेपाल सरकारको प्रचलित नियम अनुसार
८. उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
९. दरखास्त दिने अन्तिम मिति : २०८०/०६/०६ गते विद्यालय समयभित्र
१०. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यक परे कक्षावलोकन
११. सम्पर्क मिति : २०८०/०६/०८ गते
१२. आवेदन शुल्क : रु. १०००/- (अक्षेरुपी एक हजार रुपियाँ मात्र)
१३. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

पुनश्च: तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगबाट करार सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ । (विज्ञापन भएको ७ दिन भित्रमात्र) अन्तर्वार्ताको दिन सम्पूर्ण प्रमाणपत्रहरुको सक्कल प्रति नै ल्याउनु पर्नेछ ।

**श्री प्रजा आधारभूत विद्यालय**
मनहरी-३, सिद्धकाली
**सम्पर्क:** ९८२११९०७८३, ९८४५७७६९७४


# 'मामाघर'मा तिमल्सिनाको 'हार्न नसक्ने मान्छे म' विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/मकवानपुरे कवि गणेशकुमार तिमल्सिनाको 'हार्न नसक्ने मान्छे म' पुस्तकको मामाघर नेपालमा विमोचन गरिएको छ । तिमल्सिनाको कविता तथा गजल संग्रह 'हार्न नसक्ने मान्छे म' को शुक्रबार हेटौंडा-११ स्थित मामाघर मा आश्रित ५ जना भान्जाहरुले विमोचन गरेका हुन् ।

पुस्तक विमोचन पछि पुस्तकका सम्पादक कवि निमेष निखिलले तिमल्सिनाका कविता र गजलहरु उत्कृष्ट रहेको बताए । जीवन भोगाईका सुखदुखको अवस्था र अनुभूतिको अभिव्यक्ति नै तिमल्सिनाको कविताको मूल भाव रहेको उनले बताए । प्रतिकुल समयसँग पौंठेजोरी खेल्ने हिम्मत र बाटो बिराएको राजनीतिले सहि बाटो पहिल्याउनु पर्छ भन्ने सन्देश उनको कविता तथा गजलमा समेटिएको निखिलको भनाई थियो।

पुस्तक विमोचन कार्यक्रममा कवि आरसी रिजालले तिमल्सिनाको कविता तथा गजलहरुले वर्तमान मानिसको भावनालाई बोलेको बताए । लामो समयदेखि विभिन्न पत्रपत्रिकामा आफ्ना रचनाहरु प्रकाशन गर्दै आईरहेका तिमल्सिनाले कृति प्रकाशनमार्फत् समाजमा भएको समसामयिक विषयलाई उजागर गर्न खोजेको रिजालले जानकारी दिए ।

कार्यक्रम अनलाईन मिडिया एसोसियसन (ओमान) का अध्यक्ष धर्मेन्द्र दाहालले तिमल्सिनाको कविता तथा गजल संग्रहले मकवानपुरे साहित्यमा थप योगदान दिएको बताए । तिमल्सिनाको कविता तथा गजलमार्फत् समाजमा ब्याप्त असन्तोष, राजनीतिक खिचातानीलाई ब्याख्यात्मकशैलीमा उजागर गर्न खोजेको दाहालको भनाई थियो ।

'हार्न नसक्ने मान्छे म' का सर्जक तिमल्सिनाले आफूले लामो समयदेखि साहित्यको क्षेत्रलाई नियालेको, विभिन्न सञ्चार माध्यममार्फत् आफ्ना कविता, गजल सहितका साहित्यक विचारलाई प्रस्तुत गर्ने गरेको बताए ।

'हार्न नसक्ने मान्छे म' पहिलो पुस्तक भएको भन्दै उनले आगामी दिनमा अन्य साहित्यिक कृतिको तयारी गरेको समेत बताए । मामाघर नेपालका सञ्चालक अर्पण पराजुलीको अध्यक्षतामा भएको पुस्तक विमोचन कार्यक्रममा मकवानपुरका साहित्यकार, राजनैतिकर्मी तथा पत्रकारलगायतका उपस्थिति रहेको थियो ।

# बागमतीका ८९ वडामा माओवादीको रुपान्तरण अभियान सुरु भएन

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/नेकपा (माओवादी केन्द्र)ले सुरु गरेको जनतासँग माओवादी विशेष रुपान्तरण अभियान बागमतीका ८९ वडामा भने हालसम्म पनि सुरु हुन सकेको छैन ।

माओवादीको बागमती विशेष सम्पर्क प्रदेश समितिले भदौ २० गते जारी गरेको सर्कुलरमा बागमती प्रदेशका ११२१ वडामध्ये १०३२ वडामा अभियान सुरु भएको र ८९ वडामा विभिन्न कारणले हुन नसकेको जनाएको छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भदौ १७ गते देशैभरका वडामा एकैपटक जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको उद्घाटन गरेका थिए । माओवादीले ३ महिनासम्म यो अभियान सञ्चालन गर्ने भएको छ । अभियानका क्रममा देशभरका करिब २५ लाख मतदातासँग अन्तर्क्रिया गर्ने र कार्यक्षेत्रमा खटिएका नेता-कार्यकर्ता तीन महिनासम्म सम्बन्धित क्षेत्रमै रहनुपर्ने माओवादीले जनाएको छ ।

कतिपय केन्द्रीय सदस्य कार्यक्रम उद्घाटन गरेर काठमाडौं फर्किएको भन्दै कार्यक्षेत्रमै बस्न पनि समितिले निर्देशन दिएको छ । 'कतिपय केन्द्रीय समिति र प्रदेश समितिस्तरका कमरेडहरुले तोकिएको कार्यक्षेत्र नगई आफ्नै अनुकूलतामा फर्कने तथा कार्यक्रम उद्घाटन गरेर राजधानी फर्कने प्रवृत्ति देखिएको समीक्षा भयो,' सर्कुलरमा उल्लेख छ, 'कार्यक्षेत्रमा नगएका एवं कुनै पनि जानाकारी नदिई आफ्नो अनकूल क्षेत्र फर्कने कमरेडहरुका सम्बन्धमा तथा उद्घाटन नभएका वडामा के कारणले उद्घाटन नभएको हो भन्ने सम्बन्धमा प्रदेश अध्यक्षहरुले प्रतिवेदन तयार पारी पेश गर्न निर्देशित गरिएको छ ।',

प्रदेश समन्वय समितिका अध्यक्ष श्रीकृष्ण अधिकारी, उपत्यका विशेष प्रदेश समितिका अध्यक्ष जगत सिंखडा र बागमती प्रदेशका अध्यक्ष सरल सहयात्रीले हस्ताक्षर गरेको सर्कुलरमा अभियान सुरु हुन नसकेका वडामा भदौ २६ गते उद्घाटन गर्न निर्देशन दिइएको छ ।

यस्तै माओवादीले पुरानो कार्यक्षेत्रका कार्यक्रममा सहभागी हुन या कार्यक्षेत्र परिवर्तन नगर्न पनि निर्देशन दिएको छ । समितिले अभियानका क्रममा आसन ग्रहण, खादा र मालाको प्रयोग नगर्न पनि निर्देशन दिएको छ ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना